सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



विमलेन्द्रले किन गरे मञ्च बहिष्कार ? । पेज ४ मा

♦ वर्ष ७ ♦ अंक ९६ ♦ २०८० साल पुस ६ गते शुक्रवार ♦ 22 Dec 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

# कांग्रेसलाई आगामी निर्वाचनमा बहुमत प्राप्त गर्ने पार्टी बनाउनुपर्छ : सभापति देउवा

**खबर दर्पण समाचारदाता**

**पुस ५ गते, महेन्द्रनगर**

नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवाले कांग्रेसलाई अन्तरघातबाट मुक्त गर्दै आगामी निर्वाचनमा बहुमत प्राप्त गर्ने पार्टीको रूपमा स्थापित गर्न आग्रह गरेका छन् ।

बिहीबार पार्टीको मधेश प्रदेश अधिवेशनलाई जनकपुरमा सम्बोधन गर्दै उनले पार्टीमा अहिले अन्तरघात गर्ने रोग लागेको बताए ।

देउवाले पार्टीलाई अन्तर्घातको रोगबाट मुक्त बनाउनुपर्ने बताउँदै कांग्रेस भित्रको सबै खाले गुट उपगुटहरु तोड्नु पर्ने बताए। देउवाले कांग्रेस पार्टीमा रहेको अन्तर्घात रोग मधेसबाटै अभियान चलाएर मुक्त बनाउनु पर्ने बताए ।

देउवाले अहिले कांग्रेस ठुलो राजनीतिक दल रहेको र भविष्यमा पनि बहुमत प्राप्त गर्ने रूपमा स्थापित गर्न नेता कार्यकर्तालाई आग्रह गरे। उनले नेपालको राजनीतिलाई सुदृढीकरण गर्न कांग्रेसले काम गरिरहेको बताए।

सभापति देउवाले आगामी दिनमा कांग्रेसको एकल सरकार बनाउन सक्नुपर्ने बताए।

देउवाले नेपालको राजनीति सुदृढ गर्दै लैजानुपर्ने बताए । उनले नेपाली राजनीतिलाई बलियो बनाउन कांग्रेसले अभियान चालि सकेको बताए। उनले देशमा मिश्रित निर्वाचन



प्रणाली रहे सम्म कुनै पनि दलको स्पष्ट बहुमत आउने सम्भावना नरहेको बताए । देउवाले भने, 'अहिले कांग्रेस ठूलो पार्टी भए जस्तै भोलिका दिनमा अन्तर्घात नगरी ठूलो पार्टी बनाउने अभियान मधेश प्रदेश बाटै सुरु गर्नु आवश्यक छ ।'

## गणतन्त्रलाई कसैले हल्लाउन खोजे त्यसका विरुद्ध सिंगो देश एकजुट भएर रक्षा गर्नुपर्ने : उपसभापति खड्का

नेपाली कांग्रेसका उपसभापति समेत रहेका उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले संघीय लोकतान्त्रिक गणतन्त्रलाई कसैले हल्लाउन खोजे त्यसका विरुद्ध सिंगो देश एकजुट भएर रक्षा गर्नुपर्ने बताए ।

खड्का ले भने, 'जनताले हालेको मतबाट आफ्नो मुलुकको शासन आफैंले गर्ने अधिकार भएको संविधानका विरूद्धमा मधेसमा कसैले आवाज उठाउँछ भने, त्यसको विरूद्धमा सिंगो मधेस जुरूक्क उठ्नुपर्छ ।' उनले मधेशले लडेर मुलुकमा संघीयता ल्याएको भन्दै त्यसको रक्षाका लागि पनि मधेश सक्रिय हुनुपर्ने बताए ।

'संविधानको रक्षा र यो व्यवस्था रक्षाका लागि मधेसले एकताबद्ध भएर अहिलेका चुनौती सामना गर्नुपर्छ,' उनले भने। उपप्रधानमन्त्री खड्काले संघीयतासँग जोडिएका कानुन बनाउन ढिलाइ भएको स्वीकार गरे । 'प्रदेशका अधिकारसँग जोडिएका कानुन तत्काल निर्माण गर्ने तयारीमा संघीय सरकार छ,' उनले भने, 'संघीय निजामती, प्रहरी ऐनहरू आउँदो हिउँले अधिवेशनसम्म पारित गर्नेछौं ।'

## मिसन ८४ होइन मिसन सुशासन बनाउन आवश्यक : उपसभापति गुरुङ

सम्मेलनमा उपसभापति धनराज गुरुङले मधेसलाई माथि उठाउनुपर्ने बताए । मिसन ८४ होइन मिसन सुशासन बनाउन आवश्यक रहेको उनको भनाइ छ। 'सरकारले सुशासनको अभियान चलाएको छ । अब भ्रष्टाचारका फाइल खोल्दै जाने हो । सबै कुरामा विरोध गरेर हुँदैन,' कानुन मन्त्री समेत रहेका गुरुङले भने । मन्त्री गुरुङले सङ्घीयता सम्बन्धी कानुन चाँडै बनाउने बताए ।

'सङ्घीयता सम्बन्धी कानुन बनाउँछु । हिउँदे अधिवेशन ढिलो हुने अवस्थामा अध्यादेश ल्याउँछु । सङ्घीयता सम्बन्धी कानुन बन्छ, बन्छ,' उनले भने ।

## देउवा मजबुत भए मात्र कांग्रेस मजबुत हुने : सहमहामन्त्री यादव

सहमहामन्त्री महेन्द्र यादवले शेरबहादुर देउवा मजबुत भए मात्र कांग्रेस मजबुत हुने र तब मात्र मधेशको हित हुने बताए। उनले कांग्रेसको अभिभावक कमजोर भएर कांग्रेस केहि गर्न नसक्ने कुरा पनि गम्भिरतापुर्वक सोच्नुपर्ने बताए ।

## 'उठ मधेश, जागु मधेश'को नारा लगाएर मधेशकेन्द्रित दलहरुले लुट मच्चाए : महामन्त्री थापा

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले मधेशका नेतालाई काठमाडौंमा समस्या भएपछि मधेशमा आएर 'उठ मधेश, जागु मधेश'को नारा लगाएर मधेशकेन्द्रित दलहरुले लुट मच्चाएको उनले आरोप लगाए ।

'आउने निर्वाचनमा हामी छाता ओड्दैनौं, साइकल चढ्दैनौं, हँसिया हथौडामा छाप लगाउँदैनौं', थापाले भने, 'मधेश प्रदेशमा कांग्रेसको नेतृत्वमा सरकार बनाएर सुशासनको नमुना देखाउनु आवश्यक छ ।'

महामन्त्री थापाले कुशासन र भ्रष्टाचारले जनता रिसाएको बताए । 'बिहान उठ्न साथ सुनकाण्ड, शरणार्थी काण्ड र एनसेल काण्डजस्ता भ्रष्टाचारले जनात रिसाएको हो,' महामन्त्री थापाले भने,'जनता आज रिसाएको छ । रिसको कारण लुकाउनु पर्दैन । कुशासन र भ्रष्टाचारका कारण रिसाएको जनतालाई संघीयता र गणतन्त्रका कारण मुलुकमा भ्रष्टाचार बढेको भन्दै भड्काउने काम भइरहेको छ ।'

थापाले कांग्रेसले ०८४ को चिन्ता गर्नुभन्दा पनि ०८० मा सुशासनका लागि काम गर्नु आवश्यक रहेको बताए ।

थापाले संघीयता र गणतन्त्र विरुद्ध जनतालाई भड्काउने काम भइरहेकोले राजनीतिक दलले ध्यान पुऱ्याउनु पर्ने बताए ।संघीयता कार्यन्वयनका लागि बनाउन बाँकी रहेका ४० कानुन बनाउन कांग्रेसले अग्रसरता देखाउनु पर्ने उनको भनाइ थियो । *बाँकी पृष्ठ २ मा*

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# मधेशमा एक्लै बहुमत ल्याएर केन्द्रिय सरकार बनाउने शक्ति दिन सक्षम छौं : मधेस प्रदेश सभापति यादव




मधेश प्रदेश सभापति कृष्ण प्रसाद यादवले साना दलको पिछलग्गु भएर आफुहरु बस्न नसक्ने भन्दै एक्लै काम गर्न र जनतामा पुग्ने वातावरण निर्माणको लागि नेतृत्वलाई आग्रह गरे । उनले मधेशमा एक्लै बहुमत ल्याएर केन्द्रिय सरकार बनाउने शक्ति दिन आफुहरु सक्षम रहेको पनि दावी गरे ।

उनले मधेशमा कांग्रेस कमजोर हुँदा नेपाली कांग्रेस कमजोर हुने र कांग्रेस कमजोर हुँदा देश नै कमजोर हुने स्थिति बन्ने गरेकाले मधेशलाई विशेष रुपले हेर्न पार्टीका नेताहरूलाई आग्रह गरे ।

प्रदेश सरकारका भौतिक पूर्वाधार मन्त्री कृष्णप्रसाद यादवले प्रदेशलाई अधिकारसम्पन्न नबनाए सिंहदरबार घेर्न आउने चेतावनी समेत दिए । उनले प्रदेशलाई अधिकार नदिएसम्म संघीयता बलियो नहुने दाबी गरे । 'प्रदेश सरकारसँग अधिकार छैन । संविधानले, कानुनले दिएको अधिकार पनि संघले अधिकार दिएको छैन । हामीले प्रधानमन्त्रीसँग पटक-पटक अधिकारका विषयमा कुरा गरेका छौं । तर अधिकार पाएनौं,' उनले भने, 'हामीसँग प्रहरी छैन । कर्मचारी छैनन् । यदि अब पनि प्रदेशलाई अधिकार नदिने हो भने हामी राजनीतिक प्रस्ताव पास गरेर सिंहदरबार घेर्न आउँछौं ।'

सो अवसरमा अन्य सहमहामन्त्रीहरु, केन्द्रिय सदस्यहरु, प्रदेशका सभापतिहरु सहितकाले समेत सम्बोधन गरेका थिए भने कांग्रेसको मुखपत्रको मधेश संस्करणको सभापति देउवा सहितका शिर्षनेताहरु सामुहिक रुपमा लोकापणर् गरेका थिए ।

भोली हुने बन्दसत्रले मधेशमा आफनै नेतृत्वमा सरकार सहित प्रदेश बारे कांग्रेस ठोस निश्कर्षमा पुग्ने बताइएको छ ।

## मधेस कांग्रेस साथमा उभिएपछि कांग्रेस बलियो : महामन्त्री शर्मा

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले मधेस कांग्रेस साथमा उभिएपछि कांग्रेस बलियो भएको बताएका छन् । उनले भने, 'मधेस कांग्रेस साथमा उभिएपछि कांग्रेस बलियो भएको छ । कांग्रेसले पनि मधेसलाई साथ दिएको छ ।'

कांग्रेसले मधेसलाई विश्वासमा लिएर जाने प्रयास गरेको बताउदै महामन्त्री शर्माले कांग्रेसले प्रदेशलाई प्राथमिकता दिएका बताए। 'कांग्रेसले पहिला राष्ट्रपतिका रुपमा मधेसका रामवरण यादवलाई शितल निवास पठायो । कांग्रेस मधेसको पनि कुरा गर्छ । पहाडको पनि कुरा गर्छ । पहाडको पानीले मधेस सिञ्चित गर्नुपर्छ ।'

उनले मधेसको सामाजिक विकृति र विसंगतिविरुद्ध युवा जुरुक्क उठ्नुपर्नेमा समेत जोड दिए । शर्माले मधेसको आत्मासम्मानमा कांग्रेस सतिशाल भएर उभिने समेत बताए । उनले भने, 'मधेस मुस्कुराउनु पर्छ । मुस्कुराउँदा दागर हित मुहारमा मधेस मुस्कुराउनुपर्छ ।'

## पार्टीमा एकता र सहिष्णुताको आवश्यकता : प्रवक्ता महत

कांग्रेसका प्रवक्ता तथा अर्थमन्त्री प्रकाश शरण महतले पार्टीमा एकता र सहिष्णुताको आवश्यकता औंल्याएका छन् । उनले मधेसमा कांग्रेस बलियो हुँदा मात्र देशमै नेपाली कांग्रेस बलियो हुने बताए ।

उनले कांग्रेस सरकारमा हुँदा मधेशको आठवटै जिल्लामा सिँचाइको व्यवस्था गर्ने आश्वासन दिए । 'जति पनि विकास निर्माणको प्रक्रिया अब अगाडि बढ्छ, त्यसको नेतृत्व नेपाली कांग्रेसले गर्नेछ,' उनले भने, 'मधेशका आठवटै जिल्लामा सिंचाईको प्रबन्ध गर्ने कुरामा म पार्टीका तर्फबाट प्रतिबद्धता जनाउँछु ।'

उनले मधेश कांग्रेसको जनाधार क्षेत्र भएको उल्लेख गरे । 'मधेश प्रदेश बलियो भयो भने नेपाली कांग्रेस बलियो हुन्छ । मधेश प्रदेशमा कांग्रेसले एक्लै बहुमत ल्याउने परिस्थिति बनायौं भने, देशैभरि कांग्रेसले बहुमत ल्याउँछ' उनले भने, 'त्यसका लागि कांग्रेस पार्टीभित्र एकताको आवश्यकता छ । आरोप-प्रत्यारोप होइन, संस्थागत निणर्य गर्ने, छलफल गर्ने र छलफलबाट जे निष्कर्ष निस्कन्छ, त्यो लिएर एक स्वरमा जनताको बीचमा जानुपर्छ ।'


## विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**वृष-** प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मिथुन-** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**कर्कट** - आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**सिंह** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**वृश्चिक** -लामो समयपछि र स रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**धनु** - समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**मकर** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**कुम्भ-**व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

**मीन** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# धनुषाको झिझा गाउँ : 'जहाँ अझै पनि उपेक्षाको भार खेपिरहनुपरेको छ'

**खबर दर्पण समाचारदाता**

**पुस ५ गते, बर्दिवास**

स्थानीय बिल्टु मण्डलले धनुषाको विदेह नगरपालिका-४ स्थित श्री राष्ट्रिय प्राविमा छोरी भर्ना गराउँदा परिवार र गाउँलेले नाइँनास्ती गरिरहेका थिए। तर उहाँले कसैको कुरा सुन्नुभएन। नाइँनास्तीको कारणचाहिँ के थियो त ? मण्डलले भन्नुभयो, " बदनामी कमाएको झिझा बस्तीका बालबालिकासँग बसेर किन पढाउनु भनेर नि !"

समाज र परिवारको भनाइलाई बेवास्ता गर्दै सोही विद्यालयमा भर्ना गरिएकी उहाँकी छोरी अहिले कक्षा ५ मा पढ्दै हुनुहुन्छ। त्यहाँ शिशुदेखि कक्षा ५ सम्म एक सय २४ बालबालिका पठनपाठन गरिरहेका छन् । यसमध्ये चार जनाबाहेक सबै विद्यार्थी स्थानीय पासवान र महरा अर्थात् दलित समुदायका छन् ।

"परिवार र अरु मान्छेहरूका अनेक वचन सुनियो । तर जमाना बदलिसक्यो। न झिझा झिझाजस्तो छ न त त्यहाँ बस्ने समुदायको अवस्था नै पहिलेजस्तो छ । त्यसो सोचेर भर्ना गरेको अहिले त पछुतो लागिरहेको छ । राम्रो शैक्षिक वातावरणमा पढ्न नपाएर सन्तानको भविष्य पो बिगारिरहेको छु कि...", मण्डलले संशय व्यक्त गर्नुभयो ।

उहाँको भनाइ नसकिँदै वीरेन्द्र पासवान थप्नुभयो, "हाम्रो पुर्खाको विगतका कुरा झिकेर अहिले पनि हामीलाई हेयको दृष्टिले हेर्छन् । तर अहिले त हामी आफ्नो क्षमता र सीपअनुसार इलम गरेर खाइरहेका छौं ।"

अब छेवैमा बसेर सबैका कुरा सुनिरहनुभएका वडा नं ४ का सदस्यसमेत रहनुभएका विद्यालय व्यवस्थापन समितिका सदस्य मुकेश पासवान पनि खुल्नुभयो । "यो विद्यालय विसं २०१७ मा स्थापना गरिएको हो भनेर कसैले विश्वास गर्ला ? हिजोका सरकारले पनि हामीलाई उपेक्षा ग ऱ्यो । अहिलेका स्थानीय सरकारले पनि हाम्रा बालबालिकामाथि खेलवाड गरिरहेका छन् । कसलाई भन्नु र कति भन्नु यहाँको पीडा !", उहाँले दु:खेसो पोख्नुभयो ।

जनकपुरबाट करिब ३० किलोमिटर पूर्व-दक्षिणमा पर्ने झिझा बस्ती कुनै बेला 'बद्नामी' गाउँका रूपमा परिचित थियो। गरिबी, अशिक्षा र बेरोजगारीका कारण यस गाउँका पुर्खाले कृषिभन्दा अन्य पेसा बनाएर जीविका चलाउने गरेको चर्चा छ । यो बस्ती बारे कलम चलाउने गरेका पत्रकार शैलेन्द्र महतो लेख्नुहुन्छ, "...पछिल्लो सयम त्यहाँका बासिन्दाको जीवन निर्वाहको तौर तरिका बदलिएको छ। वैदेशिक रोजगारी, खेतीपाती, ज्याला मजदुरी, विभिन्न पेसा व्यवसाय गरेर खान थालेका छन् ।"

झिझावासीले सम्मानित जीवनका लागि अन्य पेसा व्यवसाय गर्न थालेको दशकौं भइसक्दा पनि त्यसको बोझ अर्थात् उपेक्षाको भार अझै पनि बोक्नुपरिरहेको बताउनुहुन्छ मुकेश पनि । यसको उदाहरणका रूपमा श्री राष्ट्रिय प्राविलाई लिन सकिने उहाँको भनाइ छ । "विद्यालयको नाम राष्ट्रिय छ तर न यो हिजो राष्ट्रिय हुनसक्यो न आज । नजिकको सरकार आइसकेपछि स्थानीयसमेत हुनसकेको छैन । कसैले स्वामित्व नै लिँदैनन् । जसले हाम्रा बालबालिकाको गुणस्तरीय आधारभूत शिक्षा पाउने अधिकार पनि खोसिँदैछ", उहाँले भन्नुभयो ।

यस क्षेत्रकै पुराना सरकारी विद्यालयमध्येको एक राष्ट्रिय प्राविमा विसं २०१७ मा स्थापित भएको हो । तर विद्यालयले अहिलेसम्म कागजमा बाहेक आफ्नो पहिचान झल्किने बोर्डसमेत पाएको छैन । एक बिघा १७ कट्ठा जग्गा उपभोग गरिरहेको यो विद्यालयको नाममा त्यो जग्गा पनि छैन । यहाँ रहेका दुई-दुईकोठे तीन भवन पनि गैरसरकारी संस्थाले बनाइदिएका हुन्। तीमध्ये एउटा भवन प्रयोग नहुँदै जीर्ण भइसकेको छ ।

तत्कालीन पञ्चायती, बहुदलीय व्यवस्थादेखि अहिले सङ्घीय गणतान्त्रिक व्यवस्थानुसार बनेका कुनै पनि सरकारले विद्यालयको पहिचान, शिक्षक र पूर्वाधारको व्यवस्थाका लागि चासो नदिँदा आफूहरूलाई थप अपमानित महसुस हुने गरेको अधिकांश अभिभावकहरूले बताउने गरेका छन् ।

अभिभावक वीरेन्द्र पासवान पुर्खा र आफ्नो पुस्ताको जीवन जेनतेन चले पनि घरआँगनमै गुणस्तरीय शिक्षा दिएर नयाँ पुस्ताको सुन्दर भविष्य बनाउने सपनामाथि समेत खेलवाड भइरहेको देखेर मन खिन्न हुने गरेको बताउनुहुन्छ । "सबैले निजी स्कुलमा पढाउन सक्दैनन्। यहाँ पढ्नेको अवस्था तपाईँहरूले पनि देखिसक्नुभयो। यस्तो शिक्षाले हाम्रो बालबालिकालाई कहाँ पुर्याउला ? यस विषयमा हामीले मात्रै बोलेर भएन, अब तपाईँहरूले पनि बोलिदिनुपर्यो", उहाँले आग्रह गर्नुभयो ।

विगत १३ वर्षदेखि यही विद्यालयमा राहत शिक्षक जयप्रकाश पासवानले स्थानीय अभिभावक, व्यवस्थापन समिति र आफूहरूले प्रयास गर्दा पनि पूर्वाधार विकास तथा शिक्षकको व्यवस्थापन गर्न नसकिएको बताउनुभयो ।

"शिक्षक नै बस्न नमान्ने समस्या पटक-पटक आइसक्यो। विगत एक वर्षदेखि दुई जनाले रेखदेख गरिरहेका छौं। अहिले त हामीले गोठालाको जस्तै रेखदेखमात्रै गर्ने हो। त्यसबाहेक दुई जनाले के नै गर्न सकिन्छ र ! नजिकै पोखरी छ । वर्षात्मा वरिपरि डुबान हुन्छ। पर्खाल छैन। यो कुरा स्थानीय सरकार र सरोकारवालालाई पटक-पटक जानकारी गराइसकेका छौं। तर आश्वासनबाहेक कुनै सुनुवाइ भएको छैन", उहाँले भन्नुभयो।

प्रधानाध्यापक भोगेन्द्र महरानले (यादव) विद्यालयमा भौतिक पूर्वाधार र शिक्षकको व्यवस्थापन नहुँदा पठनपाठनमै समस्या भइरहेको बताउनुभयो। "विसं २०७६ म यहाँ आउँदा पनि एक जनामात्रै शिक्षक हुनुहुन्थ्यो । पछि धेरै



गुनासो गरेपछि तीन राहत शिक्षक पठाइएको पनि हो। तर फेरि हामीलाई नसोधेरै अन्त पठाइयो", उहाँले भन्नुभयो, "त्यस बीचमा हामीले गरेको मेहनत पनि खेर जान थालिसक्यो। विद्यार्थी घटिरहेका छन् । तर समस्या समाधान हुन्छ भनेर सम्झाइरहेका छौं । खै, कहिले पो समस्या समाधान होला ।"

विद्यालयमा चार जनाको कुल दरबन्दी छ । सो दरबन्दीमा दुईजना शिक्षक छन् भने शिशु कक्षाका लागि एकजना शिक्षिकाको व्यवस्था गरिएको छ। अहिले दुई जनामात्रै शिक्षक हुँदा कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई दुई समूहमा राखेर एकैसाथ पढाउने गरिएको छ। पछिल्लो एक वर्षदेखि विद्यालय र नगरपालिकाबीच कुरा नमिलेर खाजा पनि रोकिएको छ।

तीनै तहका सरकारमात्रै होइन, यहाँबाट निर्वाचित सांसदहरूले पनि विद्यालयको विकासमा कुनै चासो नदेखाएको गुनासो छ । "अघिल्लोपटक एउटा सांसदलाई विद्यालयमा घेरा पर्खाल लगाउन र अत्यावश्यक काममा संसद् विकास कोषको रकम दिन आग्रह गर्यौं । उल्टै उहाँले विद्यालय छेउमै रु २५ लाख मन्दिर निर्माणमा र रु. १५ लाख पोखरीको घाट बनाउनमा खर्चिनुभयो", स्थानीयवासीले एकै स्वरमा जवाफ सुनाउनुभयो ।

वडा नं ४ का अध्यक्ष वाजिब प्रमानीले शिक्षक व्यवस्थापनका लागि पटक-पटक कुरा गर्दा पनि अहिलेसम्म सुनुवाइ नभएको उल्टै राहत दरबन्दीका दुई शिक्षकलाई पनि नगरले अर्को विद्यालयमा काजमा पठाएको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुरेन्द्र पासवानले विद्यालय सुधारका लागि नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलगायत सरोकारवालासँग छलफल गरेर समस्या समाधानको प्रयास भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "विद्यालय व्यवस्थापन समिति नहुँदा समस्या समाधानका लागि काम गर्न नसकिएको भन्ने गरिएको थियो । अहिले मेरो नेतृत्वमा समिति बनेपछि छलफल हुँदा नगरपालिकाबाट घेरा पर्खाल, भवन निर्माण र शिक्षक व्यवस्थापनको आश्वासन पाइएको छ । हेरौं के-के हुन्छ ।"

यो बस्तीमा ८७ घर पासवान र २० घर महरा समुदायका छन्। यसअघि विसं २०३५ तिर यहाँका दुई सयभन्दा बढी पासवान परिवारलाई सर्लाहीको लालबन्दीमा जग्गा दिएर पुनर्बास गराएको थियो । रासस

बटेश्वर गाउँपालिका,
धनुषा

जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं

कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं

गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

मिथिला नगरपालिका,
धनुषा

जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं

कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं

गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

# विमलेन्द्रले किन गरे मञ्च बहिष्कार ?



**खबर दर्पण समाचारदाता**

**पुस ५ गते, महेन्द्रनगर**

नेपाली कांग्रेस मधेस प्रदेस समितिले आयोजना गरेको प्रदेस सम्मेलनमा पूर्वउपसभापति विमलेन्द्र निधिले कार्यक्रमको मञ्च बहिष्कार गरे।

जनकपुरधामको तिर हुतियागाछीमा कांग्रेसका नेता कार्यकताहरु भरिभराउ थियो। सम्मेलनका प्रमुख अतिथि सभापति शेरबहादुर देउवा थिए। नेता कार्यकर्ताले भरिभराउ तिहुतियागाछीको सम्मेलनको उदघाटन कार्यक्रममा उद्घोषकले पूर्वउपप्रधानमन्त्री समेत रहेका निधिलाई आसनग्रहणका लागि बोलाएका थिए।

तर, निधि मञ्चमा गएनन्। उनी दर्शकदीर्घामा बसे।

आफ्नै गृहजिल्ला र गृहनगरमा भएको पार्टीको कार्यक्रममा निधिले मञ्च बहिष्कार गरेको सम्भवत: पहिलोपटक हो।

कार्यक्रममा सहभागी हुन देउवा जनकपुर आउँदा स्वागतका लागि विमानस्थलमा निधि सबैभन्दा अगाडि नै थिए।

कार्यक्रम सुरु भइसकेपछि निधि मञ्चमा नजाँदा धेरैले आश्चर्य मानेका थिए।

निधिनिकट नेताहरुका अनुसार मञ्चमा आसनग्रहणका लागि मिलाइएको मर्यादाक्रमप्रति असन्तुष्टि जनाउँदै उनी मञ्च बहिष्कार गरेका हुन्।

'आसनग्रहणका लागि मर्यादाक्रम नमिलेपछि उहाँ मञ्चमा नजानुभएको हो,' उनीनिकट एक नेताले भने।

उदघोषकले मञ्चमा आसनग्रहण पटक-पटक बोलाए पनि निधि त्यहाँ जान तयार भएनन्। दर्शकदीर्घा मै बसे।

# सामाजिक सेवा क्षेत्रका संस्थाहरु राजनीतिक खिचातानी र परिचय मुक्त हुनुपर्दछ : लक्ष्मी महतो



**खबर दर्पण समाचारदाता**

**पुस ५ गते, बर्दिबास**

महोत्तरी-१ बाट निर्वाचित साँसद (प्रतिनिधिसभा सदस्य) लक्ष्मी महतो कोइरीले सामाजिक सेवा क्षेत्रका संस्थाहरु राजनीतिक खिचातानी र परिचय मुक्त हुनपर्ने बताएका छन्।

बिहीबार नेपाल रेडक्रस सोसाइटी बर्दिबास उपशाखाको प्रशासनिक भवन निर्माण शुभारम्भ समारोहमा महतोले रेडक्रसको सेवामा कुनै कोणबाट पनि राजनीतिक गन्धले प्रवेश पाउन नहुने बताए ।

"अप्ठ्यारामा परेका जोसुकैलाई कुनै ठूलाबडाको भनसुनबिना सेवा दिनोस्" महतोले रेडक्रस उपशाखाका पदाधिकारी तथा सदस्यहरुलाई अपिल गर्दै भने, "तपाईंहरुको सेवाभाव बाँकी सबैका लागि प्रेरणादायी बन्न सकोस् ।"

आम रुपमा आपदविपद पर्दा पनि सहयोग सद्भावका लागि पैरवी खोज्ने अहिलेको आम बानी बनेको महतोको भनाइ छ ।

मधेशका महोत्तरी सहितका कैयन जिल्लाका बिरामीका लागि रक्त सेवा दिदै आएको रेडक्रस बर्दिबास उपशाखाको प्रशासनिक भवन नेपाल सरकारको मधेश समृद्धि अभियान कार्यक्रमको सहयोगमा आज निर्माण थालिएको हो । यसअघि सञ्चालित रेडक्रस भवनमा रक्तसञ्चार केन्द्र रहने गरी कार्यालय प्रयोजनका अन्य प्रशासनिक कार्यका लागि थप तल्ला भवन निर्माण थालिएको हो ।

नेपाल सरकारको २५ लाख र स्थानीय रेडक्रसको २० लाख गरी करिब ४५ लाखको लागतमा निर्माण थालिएको भवनका लागि आवश्यक इँटा साँसद महतोले व्यक्तिगत रुपमा सहयोग गरेका छन् ।

दोस्रो तला निर्माणमा १८ हजार इँटा लाग्ने प्राविधिक इष्टिमेट छ । दोस्रो तलामा निर्माण हुने अतिथिकक्ष सहितको भवनमा चार कोठा रहने रेडक्रस बर्दिबास शाखाका सभापति रेवन्त कार्की 'सुदीप' ले जानकारी दिए ।

रेडक्रस बर्दिबास उपशाखाल विक्रम सम्वत् २०७७ देखि नै रक्तसञ्चार सेवा प्रदान गर्दै आएको छ । निकट भविष्यमै श्वेत (सेतो) रक्त बैङ्क पनि सञ्चालनको तयारी थालिएको उपशाखाका निवर्तमान सभापति तथा रेडक्रस महोत्तरी जिल्ला कार्यसमितिका सदस्य मुकुन्द पौडेलले जानकारी दिए । "हामी यसै भवनबाट श्वेत रक्त बैङ्क सञ्चालनको तयारीमा जुटेका छौं, यसका लागि तीनै तहका सरकारदेखि मनकारी सहयोगी हातको खोजी गरीरहेका छौं" पौडेलले भने ।

समारोहमा मधेश प्रदेशसभा सदस्य शारदा थापा र बर्दिबास नगरप्रमुख प्रह्लाद क्षेत्रीले सामाजिक सेवाका क्षेत्र र विकास निर्माणमा कुनै राजनीतिक आग्रह नराखी फरकफरक दलका भएपनि यहाँका प्रतिनिधि एक मन र वचनले लागी रहेका बताए ।

रेडक्रस बर्दिबास शाखाको सेवालाई अझ प्रभावकारी रुपमा विकास गर्न दुबैले प्रतिबद्धता जनाए । नयाँ भवन चालु आर्थिक वर्षभित्रै निर्माण सम्पन्न भएर सञ्चालनमा आइसक्ने बर्दिबास उपशाखाले जनाएको छ ।

# मन्त्री किरातीको बर्खास्ती माग गर्दै बर्दिवासमा प्रदर्शन

**खबर दर्पण समाचारदाता**

**पुस ५ गते, बर्दिवास**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको राजीनामा माग्दै विश्व हिन्दु परिसद नेपाल राप्रपा नगर कमिटी र बर्दिवास राधेराधे समुहले बिहिबार बर्दिवासमा साझ राके जुलुस निकाली प्रदर्शन गरेको छ ।

बुधबार क्रिसमस फेस्टिभलमा मन्त्री किरातीले दिएको अभिव्यक्ति आपत्तिजनक भन्दै संगठनले बर्दिवासको मुख्य चौकमा प्रदर्शन गरेको हो । प्रदर्शनकारीले मन्त्री किरातीको राजीनामा पनि माग गरेका छन् ।

विरोध प्रदर्शनमा सहभागीहरुले 'गैरजिम्मेवार मन्त्री बर्खास्त गर, सुदन किराँती राजीनामा दे, धार्मिक क्षेत्रमा गैरधार्मिक नियुक्ति बन्द गर' लगायतका प्लेकार्ड बोकेर नाराबाजी गरेका राधेराधे समुहका संयोजक रन्जित राज ढुङ्गनाले बताए। उनका अनुसार,'बुधबार मन्त्री किरातीले एक सार्वजनिक कार्यक्रममा क्रिश्चियनलाई नमान्नेहरु संविधान विरोधी भएको र उनीहरुलाई जेल हाल्नुपर्ने अभिव्यक्ति दिएका थिए। सोही अभिव्यक्तिलाई लिएर हाम्रो संगठनले बिरोध गरेको संयोजक ढुङ्गनाले बताए ।' राप्रपाका केन्दीय उपाध्यक्ष तथा बर्दिवास नगरपालिकाका संयोजक संजिब साहका अनुसार, देशको बहालवाला मन्त्रीले कुनै समुदायको कार्यक्रममा गई अरु समुदायलाई निन्दा गर्दै एउटा समुदायलाई उचाल्नु गलत भएको बताए। उनले भने, 'उहाँ त्यो पदमा बस्न र रहिरहन उपयुक्त पात्र होइन भनेर विरोध गरेका हौं ।'

उनले मन्त्री किरातीले सामाजिक सद्भाव बिगार्ने काम गरेको र उनलाई बर्खास्त गर्नपर्ने पनि बताए । 'धार्मिक क्षेत्रमा पार्टीका नेता, कार्यकर्ता पठाउने, कमिसन खाने, ठेक्कापट्टामा भाग लिने काम भएको छ । शक्तिपीठहरुमा गैरधार्मिक व्यक्तिहरुको नियुक्ति बन्द गर्नपर्छ', उनले भने


ए.एस.डी. अफसेट प्रेस
क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
बिल, भाउचर,

✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प

✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा